# झिम्रुक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
भ्यागुते, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :- २०८०/८१

**सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत लाभग्राही छनोट सम्वन्धी सूचना ।**

**प्रथम पटक प्रकाशित मिति २०८०/४/१**

सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०७७ को दफा ११ (ख) वमोजिम सुरक्षित नागरिक आवास समन्वय समितिको मिति २०८०/३/२६ गते बसेको वैठकले सुरक्षित नागरिक आवास कार्यक्रमका लागि लाभग्राहीहरुको निवेदन संकलन गर्ने निर्णय भए वमोजिम झिमरुक गाउँपालिका अन्तर्गत स्थायी वसोवास गर्ने, गरिवको रेखामुनी रहेका, पराल/ खर/स्याउला/बासवेसटस/टायलको छानो भएका, आफैले सुरक्षित आवास निर्माण गर्न चाहेको वा प्रकोपका कारण घरवार विहिन भएका सम्पूर्ण झिमरुक वासीहरुलाई जस्तापाता, काठ लगायतका निर्माण सामाग्रीहरु खरिद गर्न अनुदान उपलब्ध गराईने भएकोले तपसिल वमोजिमका कागजातहरु संलग्न राखी सूचना प्रकाशित भएको मितिले १० दिनभित्र सम्वन्धित वडा कार्यालयहरुमा निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

- नागरिकताको प्रमाण पत्रको प्रतिलिपि वा मतदाता परिचय पत्रको प्रमाणित प्रतिलिपि ।
- जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि, घरजग्गाको तिरो तिरेको रसिदको प्रतिलिपि र घरको छाना समेत प्रष्ट आउने गरी १ प्रति फोटा ।
- विगतदेखि नै स्थायी वसोवास गर्दै आएको प्रमाण ।
- प्रकोपका कारण घरवार विहिन भएको हकमा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय सहित जिल्ला प्रशासन कार्यालयको सिफारिस ।
- स्थानीय तहले गरिव परिचय पत्र वितरण गरेको भए सो को प्रतिलिपि ।
- लाभग्राही बसोबास गर्दै आएको घरको छाना पराल/ खर/ स्याउला/बासवेसटस/टायल आदी आगो, पानी तथा हुरीबाट सहजै प्रवावित हुन सक्ने सामाग्रीबाट छाएको प्रमाणित प्रतिलिपि ।

**पुनश्च** : थप जानकारीको लागि कार्यालय समयभित्र झिमरुक गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्नुहुन ।

सर्म्पक नं.९८४७८५६१०४,९८४७८३९५०५

२०८०/४/१

हरि प्रसाद पोखरेल
नि.प्रमुख प्रशासकीय अधिकृत